निर्णयहरू:-

१. कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि हेटौडा उ.म.न.पा., थाहा न.पा. र भिमफेदी गा.पा. को सम्पूर्ण क्षेत्र र मनहरी गा.पा.को पूर्व-पश्चिम राजमार्गको दाँया/बाँया ५००/५०० मिटरको क्षेत्रमा प्रमुख जिल्ला अधिकारीद्वारा मिति २०७७/०५/०९ गते राती १२:०० बजेसम्मको लागि निषेधाज्ञा जारी गरिएकोमा जिल्लाभित्र कोभिड-१९ को संक्रमितहरूको संख्या दिनानुदिन बढ्दै गइरहेको र संक्रमित व्यक्तिहरूको सम्पर्कमा आएकाहरूको Contact Tracing एवं परीक्षणलाई तीव्रता प्रदान गर्नुपर्ने भएको हुँदा हाल कायम रहेको निषेधाज्ञालाई मिति २०७७/०५/०९ गते राती १२:०० बजेदेखि मिति २०७७/०५/१५ गते राती १२:०० बजेसम्मलाई निरन्तरता दिन जिल्ला सुरक्षा समिति, मकवानपुरलाई सिफारिस गर्ने ।

२. श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ५२८, मिति २०७७-०५-०७ को पत्रमार्फत प्राप्त मिति २०७७-०५-०४ को नेपाल सरकार (मन्त्रिपरिषद्) को बैठकको कोभिड-१९ सम्बन्धी निर्णयहरू सरोकारवाला निकायहरूसँगको आवश्यक समन्वयमा कार्यान्वयन गर्ने, गराउने ।

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी